आज मिति २०८१ साल जेष्ठ २५ गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत 2081/2/25

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालङ्ग, भोजपुर

081/2/25

अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा

२. योजनाहरुको म्याद थप सम्वन्धमा

३. शित भण्डार गृह निर्माणको पेश्की रकम भुक्तानीको अनुमोदन सम्वन्धमा

४. शित भण्डार गृह निर्माणको दोश्रो पेश्की रकम भुक्तानी सम्वन्धमा

५. स्यानीटरी प्याड खरीदको रकम भुक्तानी सम्वन्धमा

६. सोलार खरीदको रकम भुक्तानी सम्वन्धमा

७. संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिस समिति गठन सम्वन्धमा

८. विषयगत समितिको वैठक सम्वन्धमा

९. जेनेरेटर मर्मत सम्वन्धमा

१०. विशेष छात्रवृत्तिको रकम भुक्तानी सम्वन्धमा

११. एभोकाडो खेतीको लागि कृषक/ कृषि समूह/फर्म/सहकारी संस्था छनौटको म्याद थप सम्वन्धमा

१२. ढुङ्गा ,गिटी र वालुवाको ठेक्का आह्वान सम्वन्धमा

१३. करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन सम्वन्धमा

१४. आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा

१५. लिलाम विक्रिको लागि सूचना प्रकाशन सम्वन्धमा

१६. सिद्धथान पर्यटन विकास आयोजनाको दोस्रो रनिङ विल भुक्तानी सम्वन्धमा

१७. जनसेवा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य छनौट सम्वन्धमा

१८. लागत साझेदारीमा सडक मर्मत सम्वन्धमा

१९. आमचोक गाउँपालिका वडा नं ३ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने अधिकारी तोक्ने सम्वन्धमा

२०. टोल विकास संस्थालाई स्प्रे वितरण सम्वन्धमा

२१. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ आर्थिक वर्ष २०८०/८१ मा गाउँ कार्यपालिकाले गरेको निर्णयहरुको विषयमा गहन समिक्षा गरी गाउ कार्यपालिकाले गरेको निर्णहरुको कार्यन्वयन सन्तोषजनक रहेको निष्कर्ष निकालिनुको साथै अध्यक्ष ज्यूद्वारा पेश भएको चाइना भ्रमणको प्रतिवेदन माथि व्यापक छलफल भई सो भ्रममण उपलब्धि मुलक भएको ठहर गरियो ।

प्रमुख प्रशासकीय अधिकृत २०८१/२/२५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोलखा, भोजपुर

०८१/२/२५ अशोक राई अध्यक्ष

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण | योजना सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|
| १ | पञ्चकन्या मा.वि. टेवा पर्खाल आमचोकः १ | २०८१।०१।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०३/१५ |
| २ | गैरीगाउ खानेपानी ट्यान्की निर्माण आमचोकः ८ | २०८०।१२।३० | दक्ष कामदार समयमा उपलब्ध नभएको | २०८१/०३/१५ |
| ३ | चण्डेश्वर मा.वि. घेरावारा आमचोकः ४ | २०८१।०१।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/१५ |
| ४ | पावला खालिङभञ्ज्याङ खुम्तिङ पाँचा सडक निर्माण आमचोकः ५ | २०८०।१२।३० | स्काभेटर मेसिन समयमा नपाएको | २०८१/०३/१५ |
| ५ | चिया खेति विकास कार्यक्रम आमचोकः २ | २०८०।१२।३० | मौसम अनुकुल नभएको | २०८१/०३/१५ |
| ६ | ड्राईगनफ्रुट खेती पकेट कार्यक्रम आमचोकः ९ | २०८०।०२।२५ | स्वास्थ्यमा समस्य भएको | २०८१/०३/१५ |

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिती २०८१/०२/०३ मा IFB NO.: ARM/NCB/WORKS/02/2080-081 "Construction of Cold Store at Aamchowk Rural Municipality" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र जे पि ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि चन्द्रागिरी काठमाण्डौ बिच सम्झौता भए वमोजिम स्पेसियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 अनुसार सम्झौता रकमको २०% रकम दुई किस्ता (पहिलो किस्ता १०% र दोस्रो किस्ता १०%) गरेर दिने भनिएको, उक्त निर्माण कम्पनी बाट मिती २०८१-०२-०३ गते पेश्की रकम माग गरी जमानत पत्र पेश गरेको हुदा उक्त निर्माण कम्पनिसँग भएको सम्झौता को स्पेशियल कन्डिसन अफ कन्ट्राक्ट को GCC 57.1 बमोजिमको पहिलो किस्ता १०% रकम सार्बजनिक खरीद ऐन २०६३ को दफा ५२(क) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ बमोजिम तपशिल अनुसार भुक्तानी गरिएको स सो मध्ये संघीय सरकार सममुरक अनुदानवाट ५० प्रतिशत र आमचको गाउँपालिकावाट ५० प्रतिशत रकम भुक्तानी गर्नु पर्ने भएको तर गाउँपालिकाको हिउँदे गाउसभाले वजेट संसोधन गर्दा सो शिर्षकमा रकम नभएकोले शिक्षा ज्योति भवन निर्माण शिर्षकवाट रु.५ लाख र बालन खानेपानी योजना शिर्षकवाट वाँकी रकम भुक्तानी गरिएकोले सो भुक्तानीलाई अनुमोदन गर्ने ।

तपशिल

- सम्झौता रकम : रु २,४७,१४,६६४।६३
- मु.अ.क बाहेक : रु २,१८,८८,६४२।९८
- पेश्की जम्मा (२०%): रु ४३,७७,७२८।-
- पहिलो किस्ता भुक्तानी हुने रकम (१०%) : रु.२१,८८,८६४।-

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई शित भण्डार गृह निर्माणको दोश्रो किस्ताको १० प्रतिशतको ५० प्रतिशत हुन आउने पेश्की रकम रु.२१,८८,८६४।– को ५० प्रतिशत हुन आउने रकम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको हात्तीपाइले मान्दुङमा खोला खानेपानी योजना ( एकघर एक धारा कार्यक्रम)शिर्षकवाट भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत २०८१/२/२५

अशोक राई अध्यक्ष ०८१/२/२५

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भई श्री चादनी हाइजिङ प्रोडक्ट प्रा.लि.विराटनगरलाई सामुदायिक विध्यालयहरुको मागको आधारमा स्यानीटरी प्याड खरीद गरिएको जम्मा रकम रु.९,६३,३३७। (अक्षेरुपी नोलाख त्रिसट्ठीहजार नौसय सैंतिस मात्र) शिक्षा तर्फको शसर्त अनुदानको विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल भई श्री बालाजी ट्रेडिङ विराटनगरवाट सामुदायिक भवनको लागि २ किलोवाट र स्वास्थ्य संस्थाको लागि १ किलोवाटको सोलार खरीद गरिएकोले सोलार खरीदको रकम रु.८,१८,०४०।(अक्षेरुपी आठलाख अठाहहजार चालिस मात्र) नेपाल सरकार वित्तिय समानीकरण अनुदानको वडा नं २ को स्वास्थ्य चौकी सोलार व्यवस्थापन शिर्षकवाट रु.२,००,०००।(अक्षरुपी दुइलाख मात्र) र शसर्त अनुदानको राष्ट्रियग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रमको नवीकरणीय ऊर्जा प्रवधि जडान कार्यक्रम शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.७**

प्रस्ताव नं ६ माथि छलफल भई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ को उपदफा (१) वमोजिम तपशिल अनुसारको संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिस समिति गठन गर्ने ।

तपशिल

- संयोजक: प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई
- सदस्य: हे.अ. (छैठौं) श्री महिनारायण चौधारी
- सदस्य : प्राविधिक सहायक शिक्षा (पाँचौ) श्री ज्ञान वहादुर राउत

सो समितिले ऐनको दफा २ वमोजिम दरवन्दी सृजना,पुनरावलोकन वा हेरफेर गर्नु परेमा कारण,औचित्व र स्थानीय तहको आर्थिक सक्षमता समेतलाई ध्यान दिइ निम्न आधारहरु सहित कार्यापालिका वैठकमा सिफारिस गर्ने ।

क) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिने सङ्गठनको कार्य प्रगती र कार्यबोझ विश्लेषण ।

ख) नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहमा रहने दरबन्दी सङ्ख्याको सम्बन्धमा कुनै आधार वा माददण्ड निर्धारण गरेको भएमा त्यस्तौ आधार वा मापदण्ड ।

ग) नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक तथा सुविधाको लागि प्राप्त हुने आर्थिक स्रोत ।

घ) कर्मचारीको पारिश्रमिक तथा सुविधाको लागि सम्बन्धित स्थानीय तहको आन्तरिक आर्थिक स्रोत ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ को गाउँसभाको लागि ५ वटै विषयगत समितिको वैठक कार्यतालिका वमोजिम हुन नसकेकोले मिति २०८१ जेष्ठ ३१ गते विहिवारको दिन ५ वटै विषयगत समितिको वैठक राख्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/2/25

गाउँ कार्यपालिकाको कार्यालय

081/2/25

अशोक राई
अध्यक्ष

**निर्णय नं.९**

प्रस्ताव नं ९ माथि छलफल भई केन्द्रिय विद्युत प्रशारण लाइन अवरुद्ध भइरहेकोले गाउँपालिकको ठूलो जेनेटरलाई मर्मत गरी सञ्चालनमा ल्याउने ।

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल भई आमचोक गाउँपालिकाको नीति कार्यक्रम र वजेटको आधारमा भोजपुर वहुमुखि क्याम्पसमा अध्यायनरत छात्र छात्राहरुलाई अ.ल्या.आन्तरिक शिर्षकको २०८०/८१ को अन्य विविध खर्च शिर्षकवाट विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत एड्मिसन शुल्क , मासिक शुल्क र अन्य शुल्कको सोध भर्नाको लागि सूचना प्रकाश गरेवमोजिम तपशिल अनुसार आवेदन पेश भएकोले सम्वन्धित निवेदकहरुलाई क्याम्पसले उपलव्ध गराएको रसिदको आधारमा सोध भर्ना दिने ।

**तपशिल**

| क्र.सं. | नाम, थर | ठेगाना | पाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सृजना तामाङ्ग | आमचोक-७, हर्दिला | ८६१५ | |
| २. | सिर्जना राई | आमचोक-६, देवानटार | ८३९५ | |
| ३. | सबिना कार्की | आमचोक-२, यूँ | ७२१५ | |
| ४. | प्रदिप खड्का | आमचोक-२, यूँ | ११८२० | |
| ५. | अन्जना खड्का | आमचोक-२, यूँ | ११८२० | |
| ६. | सन्तोष राई | आमचोक-३, थिदिंखा | ८६७० | |
| ७. | मिसान तामाङ्ग | आमचोक-७, देवानटार | ११९९५ | |
| ८. | नाम्गेल शेर्पा | आमचोक-१, वासिङ्गथर्पू | १०८७० | |
| ९. | भुमिका श्रेष्ठ | आमचोक-४, बालंखा | ८३९५ | |
| १०. | सुमित्रा नेवार | आमचोक-७, हर्दिला | ८६१५ | |
| ११. | सुनिता तामाङ्ग | आमचोक-७, हर्दिला | ८६१५ | |
| १२. | बिपना मगर | आमचोक-७, बसाईगाउँ | ८६१५ | |
| १३. | सुजन श्रेष्ठ | आमचोक-१०, पांचा | ६२६५ | |
| | जम्मा | | ११९९०५ | |

**निर्णय नं.११**

प्रस्ताव नं ११ माथि छलफल भई आ.व.२०८०/०८१ स्वीकृत कार्यक्रम अनुसार मिति २०८१/०१/१७ गते एभोकाडो खेती पकेट कार्यक्रम संचालन सम्वन्धी प्रकाशित सूचना अनुसार कृषकहरुले कम परिमाणमा एभोकाडोको बिरुवाको लागि अनुदान माग गरेको हुदाँ पुन ५ दिनको सूचना थप गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं १२ माथि छलफल भई आमचोक गाउँपालिकाको विस्तृत परियोजना प्रतिवेदन तयारी भएको स्थानहरुमा आर्थिक वर्ष २०८१/८२ को लागि ढुङ्गा ,गिटी र वालुवाको ठेक्का आह्वान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/2/25

गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

081/2/25
अशोक राई अध्यक्ष

**निर्णय नं.१३**

प्रस्ताव नं १३ माथि छलफल भई करार सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादन स्तर मुल्याङ्कन तथा नया अवधिको लागि करार सम्झौता सम्वन्धि मापदण्ड २०७८ को दफा १० वमोजिम सुपरिवेक्षकमा जनस्वास्थ्य निरिक्षक श्री महिनारायण चौधारी र पुनरावलोकन कर्तामा कृषि प्रसार अधिकृत श्री भुवनेश्वर यादवलाई तोक्ने । साथै पुनरावलोकन समितिको संयोजकमा प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राईलाई तोक्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं १४ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल वमोजिमको मिति र स्थानहरुमा सञ्चालन गर्ने ।

**तपशिल**

| क्र.सं. | वडा | मिति | स्थान | समय |
|---|---|---|---|---|
| १ | वडा नं. १ | २०८१ असार ११ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| २ | वडा नं. २ | २०८१ असार १२ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| ३ | वडा नं. ३ | २०८१ असार १३ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| ४ | वडा नं. ४ | २०८१ असार १४ | नया सामुदायिक भवन | दिनको ११:०० वजे |
| ५ | वडा नं. ५ | २०८१ असार १५ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| ६ | वडा नं. ६ | २०८१ असार १६ | सहकारी भवन | दिनको ११:०० वजे |
| ७ | वडा नं. ७ | २०८१ असार १७ | महिला भवन | दिनको ११:०० वजे |
| ८ | वडा नं. ८ | २०८१ असार १८ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| ९ | वडा नं. ९ | २०८१ असार १९ | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| १० | वडा नं. १० | २०८१ असार २० | वडा कार्यालय भवन | दिनको ११:०० वजे |
| ११ | गाउँपालिका | २०८१ असार २१ | नया सामुदायिक भवन | दिनको ११:०० वजे |

**निर्णय नं.१५**

प्रस्ताव नं १५ माथि छलफल भई भई आमचोक गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुको काम नलाग्ने किसिमको तपशिल वमोजिमको सामग्रीहरुको मुल्याङ्कन समितिद्वारा पेश भए वमोजिमको मुल्य निर्धारण कायम गरी २१ दिनको लिलाम विक्रिको लागि जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ को दफा ८ को उपदफा (२) संग सम्बन्धित अनुसूची ५ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने ।

**तपशिल**

| क्र.सं. | सम्पत्ती तथा मालसामानको नाम | मालसामानको स्पेसिफिकेसन | मालसामानको अवस्था | मूल्याङ्कन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ल्यापटप | Dell Inspiron 14 5000 series, intel core i5 7th gen, 1 TB harddisk, 4GB Ram, 15.6" display | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | |
| २ | ल्यापटप | Lenovo ipad 81H7, intel core i5 8th gen, 1 TB harddisk, 15.6" display | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ३००० | |
| ३ | ल्यापटप | Acer aspire 3 A315-53-59GS, intel i5 8th gen, 1 TB harddisk, 15.6" display | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ४००० | |
| ४ | भिजिटर टुल | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | ३*५०० |
| ५ | ग्यास चुल्हो | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १०० | |
| ६ | स्क्यानर | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ३०० | |
| ७ | विपी सेट | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | ३०*५० |
| ८ | डेक्सटप कम्प्यूटर | dell desktop i318.5 LED monitor | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| ९ | डेक्सटप कम्प्यूटर | dell desktop i318.5 LED monitor | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |

| क्र.सं. | सम्पत्ती तथा मालसामानको नाम | मालसामानको स्पेसिफिकेसन | मालसामानको अवस्था | मूल्याङ्कन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १० | दराज | Steel Daraz | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| ११ | दराज | Steel Daraz | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| १२ | प्रिन्टर | Canon, Lbp2900 B | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| १३ | प्रिन्टर | Brother MFC- L27100W (DW) | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १४ | प्रिन्टर | Canon image Class mf215 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| १५ | प्रिन्टर | canon pixma | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| १६ | प्रिन्टर | lb2900b | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| १७ | प्रिन्टर | epson l3110 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १२०० | |
| १८ | प्रिन्टर | canon mf 3010 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १२०० | |
| १९ | प्रिन्टर | canon mf 3010 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १२०० | |
| २० | प्रिन्टर | Brother dcp 1510 | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | |
| २१ | वर्डिजो क्यास्टर | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | २०० | |
| २२ | कुर्सि | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | ५*२०० |
| २३ | कुर्सि | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | १५*१५० |
| २४ | कोट हैंगर | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १० | |
| २५ | अउटो क्लेभ मेशिन | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ३०० | ३*१०० |
| २६ | foreceps | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १०० | १०*१० |
| २७ | सिपियु | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | |
| २८ | ब्याट्री | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | ५*१००० |
| २९ | इन्भटर | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | ५००० | ५*१००० |
| ३० | weighing machine | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १००० | १०*१० |
| ३१ | काठको टेवुल | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | १५०० | ५*३०० |
| ३१ | scissor | | प्रयोग गर्न नमिल्ने र मर्मत नहुने | २००० | २०*१० |
| जम्मा रकम | | | | ४६४१० | |

**निर्णय नं.१६**

प्रस्ताव नं १६ माथि छलफल भई २०८०/११/१५ मा ठेक्का नं:ARM/WORKS/NCB/01/2080-081 "SIDHATHAN PARYATAN BIKAS AAYOJANA" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र दोभान निर्माण सेवा धनकुटा को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट दोस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन विल वमोजिम तपशिल अनुसारको रकम भुक्तानि दिने ।

**तपशिल**

- सम्झौता रकमः रु. ६९,६२,८७३।६० ( मु.अ. क बाहेक)
- दोस्रो रनिङ बिल बाट आएको रकमः रु.१९,८६,६९९।६।-
- मु.अ.क (१३ %) : रु.२,५८,२७०।५५
- जम्मा रकम मु अ क सहितः रु २२,४४,९७०।५५
- कन्टिनजेनसि (३%) : रु.६७,३४९।१२
- जम्मा खर्च रकमः रु. २३,१२,३१९।६७
- पेश्कीः रु ४,११,७७५।
- धरौटि कट्टि रकम(५%) : रु. ९९,३३४।९८
- अग्रिम आय कर (१.५%) :रु २९,८००।४९
- अन्य कर : रु ७७,४८१।२८
- भुक्तानि हुने रकम : रु. १६,२६,५७८।७९

**निर्णय नं.१७**
प्रस्ताव नं १७ माथि छलफल भई जनसेवा अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० वमोजिम अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सदस्यमा तपशिल वमोजिम सदस्यहरु छनौट गर्ने ।
तपशिल

- स्वास्थ्य क्षेत्रमा कृयाशिल विज्ञ दलित महिला सदस्य: आमचोक ४ निवासी श्री मिना परियार
- स्वास्थ्य क्षेत्रमा कृयाशिल विज्ञ सदस्य: आमचोक ४ निवासी श्री देव वहादुर खत्री

**निर्णय नं.१८**
प्रस्ताव नं १८ माथि छलफल भई आमचोक वालाङ्खा देखि मैयुङ्टारसम्मको सडकमा हाल यातायातको साधनहरु आवत जावत गर्न कठिनाई भइरहेकोले गाउँपालिका,यातायात व्यवशायी र उपभोक्ता समितिको लागत साझेदारीमा सडक मर्मत गर्ने । सो कार्यको लागि वडा नं ८ का वडाध्यक्ष श्री सन्तोष राई र गाउँपालिकाका सव ईन्जिनियर श्री भिमलाल गिरीलाई सम्पर्क व्यक्ति तोक्ने ।

**निर्णय नं.१९**
प्रस्ताव नं १९ माथि छलफल भई आमचोक गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं ३ थिदिंखा (साविकको चण्डिवजार गा.वि.स. वडा नं.८) मा रहेको जग्गा श्री ललितमान राईको छोरा श्री गणेश वहादुर राईले कित्ता नं ३६१ को क्षेत्रफल १६-८-२-२ वाट पुरै पूर्व उत्तर तर्फतिरवाट ३ रोपनी निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ३ का वडा सचिव श्री प्रशान्त आचार्यलाई तोक्ने ।
।

**निर्णय नं.२०**
प्रस्ताव नं २० माथि छलफल भई गाउँपालिकाद्वारा खरीद गरिएको प्लाष्टिक स्प्रे मध्ये तपशिल वमोजिमको टोल विकास संस्थाहरुलाई वडा कार्यालय मार्फत वितरण गर्ने ।
**तपशिल**

- वडा नं.४ : १२ वटा
- वडा नं.९ : २० वटा
- वडा नं.१० : १४ वटा

**निर्णय नं.२१**
प्रस्ताव नं २१ माथि छलफल भई माग भएको र औचित्यको आधारमा तपशिल वमोजिम आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक गाउँपालिका वडा नं ५,सोकोराङ निवासी जमानसिं राईको छोरा वर्ष २४ को ध्रवराज राईले मिति २०८१ जेष्ठ १ गते आत्माहत्या गरेको मृतकको दाजु योगराज राईवाट निवेदन प्राप्त भएको, वडा कार्यालयको आर्थिक अवस्था कमजोड भएको सिफारिस प्राप्त भएको र प्रहरीले लास सदगद गर्न दिएको पूर्जिको आधारमा पोष्ट मार्टमको लागि अस्पताल लाँदा भएको खर्च रकम रु.२००००।(विसहजार मात्र) नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता खर्च उपलव्ध गराउने ।

ख) आमचोक वडा नं १ निवासी केदारमान राईको छोरा वर्ष २५ को प्रकाश राई काम गर्ने शिलशिलामा रुखको हाँगाले लागेर गम्भिर घाईंते भएको र निजको आन्द्रा समेत चुँडिएको अस्पतालको रेकर्ड र अति विपन्न भएको वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता खर्च शिर्षकवाट रु.२००००।(विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८१/२/२५

गाउँ कार्यपालिकाको कार्यालय

२०८१/२/२५

अशोक राई अध्यक्ष